समृद्ध, सुखी र सुन्दर हेटौँडा

स्थानीय तह निर्वाचन २०७९



नेकपा (एमाले) हेटौँडा उपमहानगरपालिकाको

# प्रतिबद्धता-पत्र

# प्रतिबद्धता-पत्रको सारांश

- प्रदेश राजधानी हेटौंडालाई सुविधा सम्पन्न महानगरको रूपमा विकास गर्ने आधारशिला तयार गर्ने।
- सबै बस्तीमा यातायातको सहज पहुँच पुऱ्याउने।
- सवारी साधनको उचित व्यवस्थापनको लागि नगरको पूर्व, पश्चिम, उत्तर र दक्षिण क्षेत्रमा सुविधा सम्पन्न साना तथा ठूला सवारी साधनहरूको लागि बसपार्क, ट्रक पार्क र पार्किङ्ग स्थलहरूको व्यवस्था गर्ने।
- अपाङ्ग तथा ज्येष्ठ नागरिकमैत्री विद्युतीय नगर बस सञ्चालन गर्ने।
- आकाशेपुल र हेलिप्याड निर्माण गर्ने।
- हेटौंडालाई पाल, प्लास्टिक र खरको छानोमुक्त नगर बनाउने।
- जोखिमयुक्त बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- भूमिहीन र अव्यवस्थित बस्तीका बासिन्दाहरूलाई लालपूर्जा वितरणको लागि पहल गर्ने।
- जीपीएस प्रविधिबाट सबै घरहरूलाई नम्बर प्रदान गर्ने।
- हरेक बस्तीमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्दै जाने।
- हेटौंडाको गौरवको आयोजनाको रूपमा राप्ती र कर्रा नदीको बहुउपयोग, सभ्यता र संस्कृतिको संरक्षण, पर्यटन प्रवर्द्धन, ताल निर्माण, पानीमा आधारित जीवजन्तुको पालन, नदी व्यवस्थापन, जोखिम तथा विपद् व्यवस्थापनसमेत हुनेगरी रिभर फ्रन्ट आयोजनाहरू सञ्चालन गर्ने।
- आवश्यक स्थानहरूमा शौचालय, नुहाउने ठाउँ, लकर सुविधा, चमेना गृह र आवास सहितको सुविधा सम्पन्न शहरी सेवा केन्द्रहरूको सञ्चालन गर्ने गराउने।
- नगरका मुख्य शहरी क्षेत्रहरूमा ट्राफिक लाइट र सीसी क्यामराको व्यवस्था गर्ने।
- कृषक र कृषि उद्यमीलाई परिचय पत्रको व्यवस्था गरी छुट, सहुलियत र सम्मान प्रदान गर्ने।
- कृषि उपजको न्यूनतम मूल्य निर्धारण गरी बिक्री नभएका उपजहरू कृषकहरूबाट खरीद गर्ने।

- शहरी पर्यटन प्रवर्द्धन गर्ने।
- अध्ययनरत विद्यार्थीहरूका लागि आवश्यक तालिम, सहजीकरण, इन्क्युबेसन सुविधा, बीउपुँजी र न्यून ब्याजदरको कर्जा प्रवाह गरी उद्यमी बनाउन “विद्यार्थीबाट व्यवसायी कार्यक्रम” सञ्चालन गर्ने।
- बेरोजगार छोरी, बुहारी, युवा र वयस्कले सिधै जागिर पाउने गरी क्षमता विकास गर्ने।
- असङ्गठित क्षेत्रका श्रमिकहरूका लागि योगदानमा आधारित सामाजिक सुरक्षा, न्यूनतम ज्याला, शिशु स्याहार केन्द्रको व्यवस्था लगायतका श्रमिक अधिकार रक्षाको लागि श्रम डेस्क स्थापना गरी सञ्चालन गर्ने।
- उत्पादन र सेवा प्रवाहसँग सम्बन्धित सहकारी संस्थाहरूको स्थापना, सञ्चालन र क्षमता विकास गर्ने।
- वडा समिति र टोल विकास संस्थाको सहकार्यमा “आफ्नो टोल आफैं बनाऔं” अभियान सञ्चालन गर्ने।
- शहरी गरिबहरूको तथ्याङ्क तयार र परिचय पत्र प्रदान गरी श्रम रोजगारी र स्व-रोजगारीमा वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने।
- सबै शहरी स्वास्थ्य केन्द्रहरूमा चिकित्सक र ल्याब सेवाको विस्तार गर्ने।
- गुणस्तरीय शिक्षाको लागि नतिजामा आधारित “नगरप्रमुख शिक्षा कार्यक्रम” लागू गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने सबै सामुदायिक विद्यालयलाई नगद राशीसहित “आदर्श विद्यालय सम्मान” र विषय शिक्षकलाई नगद राशीसहित हेटौंडाका आदर्श गुरु स्व. धर्मदत्त न्यौपानेको सम्मानमा “धर्मदत्त न्यौपाने आदर्श शिक्षक सम्मान” प्रदान गर्ने।
- प्राविधिक विद्यालयमा अध्ययनरत जेहेन्दार विद्यार्थीहरूलाई “श्रीचन्द्र शर्मा स्मृति छात्रवृत्ति” प्रदान गर्ने।
- अभिभावक विहीन तथा अति विपन्न विद्यार्थीहरूको उच्च शिक्षा अध्ययनको लागि “शहीद प्रभाकर पौडेल स्मृति छात्रवृत्ति” प्रदान गर्ने।
- हेटौंडालाई माध्यमिक र उच्च शिक्षाको केन्द्र (Education Hub)को रूपमा विकास गर्ने।
- बजारको माग अनुसार अटोमेकानिक क्षेत्रमा आधारभूत र मध्यमस्तरको जनशक्ति उत्पादन गर्नको लागि “फत्ते नारायण डंगोल (माइला मिस्त्री) स्मृति छात्रवृत्ति” प्रदान गर्ने।

- १० हजार लिटरसम्म खानेपानी उपयोग गर्ने ग्राहकहरूलाई निःशुल्क खानेपानी उपलब्ध गराउने।
- जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेका बालबालिकाको नाममा उपमहानगरपालिकाले प्रति बालबालिका रू. १ हजारको बैंक खाता खोलिदिने।
- व्यवसायिक खेलकुदको विकास गर्न खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूको लागि कार्यक्रम सञ्चालन गर्ने।
- सङ्गीत तथा नाटक घर निर्माण गर्ने।
- फोहोर न्यूनीकरण र चाडपर्व, मेला महोत्सव जस्ता विशेष अवसरहरूमा फोहर व्यवस्थापनको लागि विशेष व्यवस्था गर्ने।
- जैविक विविधतासमेतलाई ध्यानमा राखी नगरको सौन्दर्य बढाउन व्यक्तिगत जग्गा, सडक, पार्क, सार्वजनिक स्थल, खाली स्थान आदिमा विभिन्न जातका फुल, फलफुल, जडिबुटी र बोट विरूवाको वृक्षरोपण गरी शहरी वन र हरित क्षेत्रको विस्तार गर्ने।
- भौतिक रूपमै उपस्थित नभै नहुने बाहेकका अन्य सेवाहरू सूचना प्रविधिको माध्यमबाट घरैमा बसेर सेवा प्राप्त गर्न सक्ने प्रणालीको विकास गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरण, बैंकिङ सेवा, स्वास्थ्य शिविर, कृषि तथा पशुस्वास्थ्य शिविर, व्यक्तिगत घटना दर्ता, नागरिकता वितरण, गुनासो सुनुवाई लगायतका सेवाहरू एकीकृत घुम्ती सेवामार्फत् प्रदान गर्ने।
- विपद, असुरक्षा, चोरी, झगडा, दुर्घटना, दमकल, एम्बुलेन्स, उद्धार, मानव बेचबिखन लगायतका अत्यावश्यक र सम्वेदनशिल सूचनाहरू तत्काल सम्बन्धित निकायमा दिन र सो सम्बन्धी आवश्यक सेवा तत्काल प्राप्त गर्नको लागि २४ सै घण्टा **"नागरिक हटलाइन सेवा"** सञ्चालन गर्ने।
- प्रतिवद्धता पत्रमा उल्लिखित विषयहरूलाई उपमहानगरपालिकाको योजना र नीतिहरूमा समावेश गरी कार्यान्वयन गर्ने र सोबाट प्राप्त उपलब्धिहरूको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने।

❒❒❒

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## हेटौंडा उपमहानगरपालिका कमिटी
मकवानपुर बागमती प्रदेश, नेपाल

'समृद्ध नेपाल; सुखी नेपाली' का लागि एमालेको विजय अभियान

"समृद्ध, सुखी र सुन्दर हेटौंडा" निर्माणको लागि जारी गरिएको निर्वाचन

# प्रतिबद्धता-पत्र, २०७९

### १. पृष्ठभूमि
नेपालको इतिहासमा सङ्घीय संरचना अन्तर्गत दोस्रो पटक २०७९ वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा जनताको बहुदलीय जनवादको मार्गदर्शन र ने. क. पा. (एमाले) को नेतृत्वमा प्रदेश राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकालाई आम नगरवासी, निजी क्षेत्र, सहकारी, सङ्घ-संस्था, गैरआवासीय नेपाली, राजनीतिक दल, सिमाना जोडिएका स्थानीय तहहरू, प्रदेश सरकार र सङ्घीय सरकारसमेतको समन्वय, सहभागिता र सहकार्यमा समाजवाद उन्मुख "समृद्ध, सुखी र सुन्दर हेटौंडा" को रूपमा विकास गर्नका लागि आम मतदाता र सम्बद्ध सबैमा ने. क. पा. (एमाले) देहाय बमोजिमको प्रतिवद्धता व्यक्त गर्दछ।

### २. दीर्घकालीन सोचसहितको योजनावद्ध विकास
प्रदेश राजधानी हेटौंडालाई सुविधा सम्पन्न महानगरको रूपमा विकास गर्न यो प्रतिवद्धता पत्रमा व्यक्त विषयहरू र निर्वाचनको क्रममा जनताले अपेक्षा गरेका विषयहरू विना पूर्वाग्रह कार्यान्वयन गर्न दीर्घकालीन सोचसहितको योजनावद्ध विकास प्रयासलाई संस्थागत गरिने छ। यसका लागि,

क. उपमहानगरपालिकालाई समय समयमा रणनीतिक परामर्श र मार्गदर्शन प्रदान गर्न निजी क्षेत्र, सङ्घ-संस्था, सहकारी, विषय विज्ञ, जनप्रतिनिधि र राजनीतिक दलहरूसमेतको सहभागिता हुनेगरी हेटौंडा विकास परिषद्को गठन गर्ने।

ख. दीर्घकालीन सोचसहितको आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरूयोजना लगायतका दीर्घकालीन र अल्पकालीन योजनाहरूको तर्जुमा, नतिजामुखी अनुगमन तथा मूल्याङ्कन, तहगत समन्वय, अनुसन्धान तथा विकास र स्थानीय तथ्याङ्क व्यवस्थापनसम्बन्धी कार्य गर्नका लागि

विशेषज्ञसहितको विशिष्ट निकायको रूपमा नगर योजना आयोगको गठन गर्ने।

ग. निर्वाचित भई कार्यारम्भ गरेको मितिले ६ महिनाभित्र भावी हेटौँडाको वृहत्तर खाकासहितको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

## ३. पूर्वाधार तथा शहरी विकास

### क. भू-उपयोग र एकीकृत पूर्वाधार विकास

- सङ्घीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।
- स्थानीय समुदायसमेतको सहभागितामा सार्वजनिक जमिनको पहिचान, विकास र संरक्षण गर्ने।
- प्रदेश राजधानीको गुरुयोजना अनुसार प्रदेश सरकारको लागि आवश्यक जग्गा र पूर्वाधारहरूको व्यवस्थाको लागि प्रदेश सरकारसँग सहकार्य गर्ने।
- जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने।
- बाँझो जमिनको तथ्याङ्क सङ्कलन, भूमि बैंकको स्थापना लगायतका आवश्यक कार्य गरी खेती गर्ने वातावरण मिलाउने।
- हेटौँडाको विकासको लागि अनुसन्धानमा आधारित नवीनतम सोच वा योजनाको अवधारणा प्रस्तुत गर्ने संस्था वा व्यक्तिहरूलाई नगदराशीसहित व्यवस्थित शहरका परिकल्पनाकार स्व. वासुदेव रिजालको सम्मानमा “वासुदेव रिजाल स्मृति सम्मान” प्रदान गर्ने।

### ख. यातायात पूर्वाधार

- नगर यातायात गुरु योजना तर्जुमा गरी सबै बस्तीमा यातायातको सहज पहुँच पुऱ्याउने।
- सवारी साधनको उचित व्यवस्थापनको लागि नगरको पूर्व, पश्चिम, उत्तर र दक्षिण क्षेत्रमा सुविधा सम्पन्न साना तथा ठूला सवारी साधनहरूको लागि बसपार्क, ट्रक पार्क र पार्किङ्ग स्थलहरूको व्यवस्था गर्ने।
- नीति र व्यवस्थापनमा सुधार ल्याई सवारी साधनको उचित पार्किङको व्यवस्था मिलाउने।
- नगर रिङ्गरोडको बाँकी कार्य सम्पन्न गरी सञ्चालन गर्ने।

- प्रदेश सरकारसँगको सहकार्यमा अपाङ्ग तथा ज्येष्ठ नागरिकमैत्री विद्युतीय नगर बस सञ्चालन गर्ने।
- लामो समयदेखि अनिर्णित, विवादित र शहरी विकासको व्यवधानको रूपमा लिइएको २५ मिटरको सडक विस्तार समस्यालाई सङ्घीय सरकारसँग समन्वय गरी विद्यमान सडकलाई नै विस्तार गर्नुपर्दा मुआब्जा दिएर विस्तार गर्ने वा सो नभए हाल प्रस्तावित वैकल्पिक बाइपास सडकको विकास गर्ने।
- नेपालको यातायातमा प्रणाली र हेटौंडाको विकासलाई दूरगामी प्रभाव पार्ने भीमफेदी-कुलेखानी सुरूङ्ग मार्ग निर्माण गराउन सशक्त पहल गर्ने।
- हेटौंडाबाट लामो तथा मध्यम दूरीको विद्युतीय वस सञ्चालन गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने।
- अटो भिलेज व्यवस्थित रूपमा सञ्चालन गर्ने।
- आवश्यक स्थानहरूमा आकाशेपुलको व्यवस्था गर्ने।
- उपयुक्त स्थान पहिचान गरी हेलिप्याड निर्माण गर्ने।
- आन्तरिक विमानस्थल निर्माणको लागि सम्भाव्यता अध्ययन गराउन पहल गर्ने।

**ग. भवन तथा बस्ती विकास**

- भवनको मापदण्ड र संहिताको पालन गरी सुरक्षित र सुविधा सम्पन्न भवन निर्माण गर्ने गराउने।
- नगरलाई पाल, प्लास्टिक र खरको छानोमुक्त बनाउन र अव्यवस्थित बस्तीका बासिन्दा तथा न्यून आय वर्गका लागि किफायति भवन निर्माणको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा जोखिमयुक्त बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- भूमिहीन र अव्यवस्थित बस्तीका बासिन्दाहरूलाई लालपूर्जा वितरणको लागि पहल गर्ने।
- प्रदेश तथा सङ्घीय सरकार समेतको सहकार्यमा आधुनिक सुविधा सम्पन्न नगर सभागृह (City Hall) निर्माण गर्ने।
- जीपीएस प्रविधिबाट सबै घरहरूलाई नम्बर प्रदान गरी अभिलेख, सूचना, सुरक्षा र घरदैलो सेवामा आबद्ध गर्ने।

- स्थानीय समुदाय, व्यक्ति, सङ्घ-संस्था र निजी क्षेत्र समेतको सहभागितामा हरेक बस्तीमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गर्दै जाने।

## घ. नगर सौन्दर्यकरण र पार्क

- नगरको पूर्वाधार संरचना र भवन डिजाइन गर्दा शहरी सौन्दर्य तथा परम्परागत कला र शैली झल्कने गरी निर्माण गर्ने गराउने।
- हरेक वडामा कम्तिमा एकवटा बाल उद्यान तथा ज्येष्ठ नागरिक विश्रान्ति स्थल र चौताराहरूको विकास र व्यवस्थापन गर्ने।
- नयाँ बस्ती विकास भइरहेका स्थानमा पर्याप्त खुल्ला क्षेत्रसहितका पार्क र बालबालिकाहरूका लागि खेल मैदानहरू विकास गर्ने।

## ङ. नदी र भूमिगत जल व्यवस्थापन

- हेटौंडाको जीवन रक्तको रूपमा रहेका राप्ती, कर्रा, कुखरेनी, चकरी, शक्ति र कर्णेखोला तथा तिनीहरूको जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- हेटौंडाको गौरवको आयोजनाको रूपमा राप्ती र कर्रा नदीको बहुउपयोग, सभ्यता र संस्कतिको संरक्षण, पर्यटन प्रवर्द्धन, ताल निर्माण, पानीमा आधारित जीवजन्तुको पालन, नदी व्यवस्थापन, जोखिम तथा विपद् व्यवस्थापनसमेत हुनेगरी रिभर फ्रन्ट आयोजनाहरू सञ्चालन गर्ने। यसको लागि सङ्घीय र प्रदेश सरकार र सिमाना जोडिएका स्थानीय तहहरूसँग सहकार्य गर्ने।
- शहरी संरचना र बस्तीको विस्तारका कारण रित्तिदै गएको भूमिगत जल भण्डारलाई पुनःभरणमैत्री पूर्वाधार संरचना तथा भवनको निर्माण, पुनःभरण कुवा, पोखरी, सिमसार क्षेत्र आदिको विकास गर्ने।

## च. सार्वजनिक शौचालयसहितको शहरी सेवा केन्द्र

- निजी क्षेत्र र सङ्घ-संस्थासँगको सहकार्यमा आवश्यक स्थानहरूमा शौचालय, नुहाउने ठाउँ, लकर सुविधा, चमेना गृह र आवास सहितको सुविधा सम्पन्न शहरी सेवा केन्द्रहरूको सञ्चालन गर्ने गराउने।

## छ. विद्युतीकरण, ट्राफिक लाइट र सीसी क्यामेरा

- काठका पोल विस्थापन गर्ने।
- सडक विस्तारको क्रममा अव्यवस्थित रूपमा रहेका पोलहरूको व्यवस्थापन गर्ने।

- ग्रामीण क्षेत्रहरूमा विद्युत सेवाको स्तरीकरण गर्ने।
- नगरका मुख्य शहरी क्षेत्रहरूमा ट्राफिक लाइट र सीसी क्यामराको व्यवस्था गर्ने।

## ४. आर्थिक विकास

### क. कृषि, पशुपक्षी तथा खाद्य सुरक्षा

- साना र सीमान्त कृषकहरूको आम्दानीलाई दोब्बर बनाउन विशेष कार्यक्रम सञ्चालन गर्ने।
- कृषक र कृषि उद्यमीलाई परिचय पत्रको व्यवस्था गरी उपमहानगरपालिकाले दिने सेवाहरूमा छुट, सहुलियत र सम्मान प्रदान गर्ने।
- कृषि उपजको न्यूनतम मूल्य निर्धारण गरी बिक्री नभएका उपजहरू कृषकहरूबाट खरीद गर्ने व्यवस्था मिलाउने।
- भू-उपयोग योजनाअनुसार पदमपोखरी, हटिया र हर्नामाडी, चुरिया र बसामाडी क्षेत्रमा एकीकृत रूपमा व्यावसायिक पशुपालन, फलफूल खेती र बेमौसमी तरकारी खेती, कुखुरापालन, दुध उत्पादन, माछापालन कार्यक्रम सञ्चालन गर्ने।
- कर्रा बेसिन तथा राप्ती बेसिन क्षेत्रको सम्म जमिनलाई अन्नबाली संरक्षित क्षेत्रको रूपमा प्रवर्द्धन गर्ने।
- कृषियोग्य जमिनमा सिँचाई, कृषि मल, उन्नत बीउ बिजन, रोग निदानका लागि प्राविधिक सेवा र कीटनाशक औषधीको व्यवस्था गर्ने।
- अर्ग्यानिक खेतीको विकास गर्ने।
- आवश्यकता अनुसार पायक पर्ने स्थानहरूमा नियमित रूपमा कृषि मेला तथा प्रदर्शनी, कृषि उपजको सहज बिक्री वितरणको लागि थोक तथा खुद्रा बजारहरूको व्यवस्था गर्ने।
- सम्भाव्यताको आधारमा कृषि तथा पशु हाट बजार सञ्चालन गर्ने।
- कृषि तथा पशुपक्षीजन्य उत्पादनको भण्डारणको व्यवस्था गर्ने।
- भेटेरिनरी ल्याब र नियमित पशु स्वास्थ्य शिविर सञ्चालन र सेवा प्रवाह गर्ने।
- निजी क्षेत्रको सहभागितामा स्वस्थकर मासु उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने।
- कृषि तथा पशु बिमाको व्यवस्था गर्ने।

## ख. पर्यटन

- सभा, सम्मेलन, बैठक र परीक्षा लगायतका कार्यका लागि आउने अतिथिहरूको आवास र मनोरञ्जनको लागि सभागृह, होटल र मनोरञ्जन स्थलहरूको विकासमा सहयोग र सहजीकरण गर्ने।
- जैविक विविधता र पर्यापर्यटन (Eco-Tourism) प्रवर्द्धनका लागि कृषि तथा वनविज्ञान अध्ययन संस्थानको वनक्षेत्रको जैविक सीमाङ्कनसहित मिनी वन्यजन्तु आरक्ष सञ्चालन गर्न पहल गर्ने।
- वन र पानीमा आधारित पशु, पक्षी, घस्रने जीव, कीरा, माछा, भ्यागुता आदिको मार्गलाई प्रतिकुल असर नगर्ने गरी पूर्वाधारको विकास गर्ने।
- गुम्बाडाँडा, जुरेथुम, ड्राइभरडाँडा र पदमपोखरी भोर्लेडाँडा पर्यटकीय पार्क लगायत अन्य सम्भावित क्षेत्रमा पर्यटकीय पार्क र उद्यान निर्माण गर्ने।
- शहीद स्मारक, पुष्पलाल पार्क लगायतका स्थानहरूको सम्वर्द्धन, विकास तथा विस्तार गरी पर्यटन प्रवर्द्धन गर्ने।
- ऐतिहासिक चुरे सुरुङको संरक्षण तथा धार्मिक पर्यटन प्रवर्द्धन गर्ने।
- चुरिया, भुटनदेवी, मनकामना, कुस्माण्ड सरोवरधाम, वनस्खण्डी, रूद्रेश्वर, जुरेथुम गोरखक्षेश्वर धाम र पाथीभरा लगायतका धार्मिक क्षेत्र, मठमन्दिर, चर्च, बौद्धविहार तथा गुम्बाहरू र मस्जिदहरूको संरक्षण र प्रवर्द्धन गर्ने।
- हेटौंडा नगर निर्माणका पहिलो परिकल्पनाकार डा. टोनी हेगनको सम्झनामा डा. टोनी हेगन अन्तराष्ट्रिय जैविक विविधता उद्यानको विकास गर्न पहल गर्ने। डा. टोनी हेगन स्मृति पार्कको गुरु योजना अनुसार कार्य अगाडि बढाउने।
- भैरव डाँडा, मनकामना डाँडा तथा आसपासका क्षेत्रमा पर्यटकीय पूर्वाधारसहितको हिल स्टेसनहरूको विकास गर्ने।
- एकीकृत पर्यटन पूर्वाधार र पर्यटन मार्ग (Circuits) को विकासको लागि सिमाना जोडिएका स्थानीय तहहरूसँग सहकार्य गर्ने।

## ग. औद्योगिक पूर्वाधार, उद्योग, व्यापार र उद्यमशीलता

- विश्वविद्यालय, कलेज, व्यवसायिक तथा प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई सम्बन्धित शैक्षिक संस्था समेतको सहभागितामा विद्यार्थीहरूको चाहना र बजारको माग अनुसारको व्यवसाय सञ्चालन गर्न आवश्यक तालिम, सहजीकरण, इन्क्युबेसन

सुविधा, बीउपुँजी र न्यून ब्याजदरको कर्जा प्रवाह गरी उद्यमी बनाउन "विद्यार्थीबाट व्यवसायी कार्यक्रम" सञ्चालन गर्ने।

- बेरोजगार युवा तथा वयस्कहरूका लागि उनीहरूको चाहना र बजारको माग अनुसारको व्यावसायिक तालिम, सहजीकरण, इन्क्युबेसन सुविधा, बीउपुँजी र न्यून ब्याजदरको कर्जा प्रवाह गरी उद्यमी बनाउन "नवीन उद्यम विकास कार्यक्रम" सञ्चालन गर्ने ।
- लघु उद्यमलाई साना उद्यममा स्तरोन्नति गर्नका लागि "उद्यम स्तरोन्नति कार्यक्रम" सञ्चालन गर्ने।
- हेटौँडा औद्योगिक क्षेत्रको उद्योग सञ्चालन र मयुरधापमा नयाँ औद्योगिक क्षेत्र निर्माण र सञ्चालनमा सहजीकरण र सहयोग गर्ने।
- प्रदेश तथा सङ्घीय सरकारसमेतको सहकार्यमा औद्योगिक तथा व्यापारिक प्रदर्शनी स्थलका लागि उपयुक्त स्थान पहिचान र विकास गरी औद्योगिक तथा व्यापारिक मेला तथा महोत्सवहरूको प्रवर्द्धन गर्ने।
- कृषि तथा पशुपक्षीमा आधारित उद्योग तथा व्यापारको प्रवर्द्धन गर्ने।
- स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई सुविधा र छुट दिने।
- स्थानीय उत्पादनहरूको खरीद र बजार प्रवर्द्धन गर्न नीतिगत व्यवस्था गर्ने।

## घ. श्रम तथा रोजगारी

- छोरी, बुहारी तथा बेरोजगार युवा र वयस्कलाई रोजगारदाताको माग बमोजिमको सीप र पेशागत आचरणको विकास गर्न आवश्यक तालिम, अन्तरक्रिया, क्षमता विकासका कार्यहरू गरी प्रशिक्षार्थी रोजगारी (Internship/On the job training) हुँदै सिधै जागिर पाउने गरी रोजगारदाता र सामाजिक उद्यमशिलता प्रवर्द्धन गर्ने सङ्घ-संस्था समेतको सहयोगमा "सिधै रोजगारी कार्यक्रम" सञ्चालन गर्ने।
- रोजगारदातालाई चाहिने कुनै पनि साना वा ठूला र अल्पकाल वा दीर्घकालका लागि आवश्यक पर्ने सेवा तत्काल उपलब्ध गराउन सकिने गरी रोजगार/श्रम बैंकको स्थापना र सञ्चालन गर्न "एक फोनको भरमा घरैमा सेवा" कार्यक्रम सञ्चालन गर्ने।
- कृषि तथा असङ्गठित क्षेत्रका श्रमिकहरूको हितका लागि योगदानमा आधारित सामाजिक सुरक्षा, दुर्घटना बिमा, न्यूनतम ज्याला, शिशु

स्याहार केन्द्रको व्यवस्था र क्षमता विकास लगायतका श्रमिक अधिकार रक्षाको लागि श्रम डेस्क स्थापना गरी सञ्चालन गर्ने।

- वैदेशिक रोजगारीमा जान चाहनेहरूका लागि सरकारहरूबिचको सहमति (जी टु जी) अनुसारको सुविधा उपलब्ध गराउन पहल गर्ने, श्रम संझौता गरेर मात्र जाने वातावरण मिलाउने, आवश्यक सीप सिकाएर पठाउने र दोहोरो श्रम स्वीकृतीको व्यवस्थालाई सरलीकरण गर्न पहल गर्ने।

**ङ. वित्तीय सेवा**

- बस्तीस्तरमा आधारभूत वित्तीय सेवा पुऱ्याउनको लागि सहकारी संस्थाहरूको स्थापना, सदस्यता विस्तार र क्षमता विकास तथा लघु वित्त संस्थाहरूको पहुँच विस्तार गर्न सहकारी र लघुवित्त संस्थाहरूलाई प्रोत्साहित गर्ने।
- नयाँ उद्यम सञ्चालन, उद्यमको स्तरोन्नति र विस्तारको लागि सहकारी संस्था, लघुवित्त संस्था र बैंकहरूमार्फत् न्यून ब्याजदरको ऋण र बीउ पुँजी प्रदान गर्न सहुलियतपूर्ण ऋण र बीउ पुँजीको लागि छुट्टाछुट्टै कोष खडा गरी सञ्चालन गर्ने।
- वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

**च. सहकारी**

- सहकारी संस्था नपुगेका स्थानहरूमा सहकारी संस्थाको स्थापना वा विस्तारको विशेष कार्यक्रम सञ्चालन गर्ने।
- उत्पादन र सेवा प्रवाहसँग सम्बन्धित सहकारी संस्थाहरूको स्थापना, सञ्चालन र क्षमता विकास गर्ने।
- तोकिएको मापदण्डका आधारमा उत्कृष्ट सहकारी संस्थाहरूलाई पुरस्कार र सम्मान प्रदान गर्ने।
- सहकारीको पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने।

**छ. टोल विकास संस्था**

- टोल विकास संस्थाहरूको संस्थागत क्षमता विकास गर्ने।
- वडा समिति र टोल विकास संस्थाको सहकार्यमा "आफ्नो टोल आफैं बनाऔं" अभियान सञ्चालन गर्ने।
- टोल बस्ती स्तरमा बचत र ऋण परिचालन गर्न सहयोग गर्ने।

### ज. शहरी गरिबी

- शहरी गरिबहरूको पहिचान, तथ्याङ्क तयार र परिचय पत्र प्रदान गरी प्रधानमन्त्री रोजगार कार्यक्रम र सबै प्रकारको सेवा सुविधा प्रवाहमा जोड्ने।
- शहरी गरिबहरूको रोजगार र उद्यमशिल क्षमताको विकास गरी श्रम रोजगारी र स्व-रोजगारीमा वृद्धि गर्ने।

## ५. सामाजिक सांस्कृतिक विकास

### क. स्वास्थ्य र पोषण

- वडा तहमा सुविधा सम्पन्न बर्थिङ सेन्टरसहितको आधारभूत सहरी स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्य सेवा प्रवाह गर्ने।
- विपन्न समुदायको लागि निःशुल्क स्वास्थ्य बिमा गर्ने।
- तुलनात्मक रूपमा पछाडि परेका वर्ग र तहका जनताका लागि विशेष स्वास्थ्य सेवा कार्यक्रम र भौगोलिक रूपमा विकट क्षेत्रमा नियमित रूपमा विशेषज्ञसहितको घुम्ती स्वास्थ्य क्लिनिक सञ्चालन गर्ने।
- सबै शहरी स्वास्थ्य केन्द्रहरूमा चिकित्सक र ल्याब सेवाको विस्तार गर्ने।
- स्वस्थ शरीर र सकारात्मक सोचका लागि सबै वडा र बस्तीमा निःशुल्क योग, ध्यान र व्यायामको प्रवर्द्धन गर्ने।
- निजी क्षेत्रसमेतको सहभागितामा आयुर्वेद एवम् प्राकृतिक चिकित्सा सेवालाई सबै नागरिक समक्ष पुऱ्याउनको लागि "घरघरमा जडिबुटी", "भान्छा नै औषधालय" र "आफ्नो रोगको निदान आफैं गरौं" कार्यक्रम सञ्चालन गर्ने।
- हेटौंडा अस्पताललाई प्रदेशकै सुविधा सम्पन्न टिचिङ हस्पिटलको रूपमा विकास गर्ने गरी स्थापित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई शुरूकै अवधारणा अनुरूप सञ्चालन गर्न गराउन सशक्त पहल गर्ने।

### ख. शिक्षा

- गुणस्तरीय शिक्षाको लागि नतिजामा आधारित "नगरप्रमुख शिक्षा कार्यक्रम" लागू गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने सबै सामुदायिक विद्यालयलाई नगद राशीसहित "आदर्श विद्यालय सम्मान" र विषय शिक्षकलाई नगद राशीसहित हेटौंडाका आदर्श गुरु स्व. धर्मदत्त

न्यौपानेको सम्मानमा “धर्मदत्त न्यौपाने आदर्श शिक्षक सम्मान” प्रदान गर्ने।

- प्राविधिक विद्यालयमा अध्ययनरत जेहेन्दार विद्यार्थीहरूलाई “श्रीचन्द्र शर्मा स्मृति छात्रवृत्ति” प्रदान गर्ने।
- विद्यालयको प्राज्ञिक र व्यवस्थापनको नेतृत्वको लागि निश्चित मापदण्डका आधारमा प्रतिस्पर्धा मार्फत् प्रत्येक ५ वर्षका लागि प्रधानाध्यापकको व्यवस्था गर्ने।
- हेटौंडालाई माध्यमिक र उच्च शिक्षाको केन्द्र (Education Hub) को रूपमा विकास गर्ने।
- बजारको माग अनुसार अटोमेकानिक क्षेत्रमा आधारभूत र मध्यमस्तरको जनशक्ति उत्पादन गर्नको लागि नेपालकै लोकप्रिय अटोमेकानिक स्व. फत्ते नारायण डंगोल (माइला मिस्त्री) को सम्मानमा “फत्ते नारायण डंगोल (माइला मिस्त्री) स्मृति छात्रवृत्ति” प्रदान गर्ने।
- कक्षा ५ सम्मका विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गर्ने।
- विद्यालय जान नपाएका र दुर्गम स्थानका विद्यार्थीहरूलाई पायक पर्ने विद्यालयमा निःशुल्क नमुना आवासीय सुविधासहितको शिक्षा प्रदान गर्ने।
- सबै सामुदायिक विद्यालयहरूमा अनिवार्य रूपमा प्रारम्भिक बाल विकास केन्द्रहरूको स्थापना गरी सञ्चालन गर्ने।
- इन्जिनियरिङ कलेजको स्थापना र सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने।
- आधारभूत तहदेखि नै प्रयोगात्मक, जीवन उपयोगी, प्राविधिक, सीपमूलक र व्यावसायिक शिक्षा प्रवर्द्धन गर्ने।
- प्राविधिक तथा सीपमूलक तालिम केन्द्रको स्थापना तथा सञ्चालन गर्ने।
- विद्यालयमा आवश्यक कर्मचारीहरूको दरबन्दी सिर्जना गरी कर्मचारी प्रशासनलाई सुदृढ गर्ने।

### ग. खानेपानी तथा सरसफाइ

- १० हजार लिटरसम्म खानेपानी उपयोग गर्ने ग्राहकहरूलाई निःशुल्क खानेपानी उपलब्ध गराउने।
- नगरक्षेत्रभित्रका खानेपानी उपभोक्ता समितिहरूलाई हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्न उत्प्रेरित गर्ने।

- खानेपानी तथा सरसफाइ सेवा नपुगेका स्थानहरूमा आधारभूत खानेपानी तथा सरसफाइको सेवा पुऱ्याउने।
- आधारभूत खानेपानी तथा सरसफाइको सेवा पुगेका स्थानहरूमा गुणस्तरीय खानेपानी तथा सरसफाइको सेवा पुऱ्याउने।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

- अभिभावक विहीन तथा अति विपन्न विद्यार्थीहरूको निःशुल्क उच्च शिक्षा अध्ययनको लागि २०३६ सालको विद्यार्थी आन्दोलनका शहीद स्व. प्रभाकर पौडेलको सम्मानमा "शहीद प्रभाकर पौडेल स्मृति छात्रवृत्ति" प्रदान गर्ने।
- नयाँ निर्माण हुने सार्वजनिक संरचनाहरूलाई ज्येष्ठ नागरिक र अपाङ्गमैत्री बनाउने र पुरानो संरचनाहरूलाई ज्येष्ठ नागरिक र अपाङ्गमैत्री बनाउँदै लग्ने।
- महिला, दलित, विपन्न, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र सिमान्तकृत समुदायलाई सरकारी सेवामा प्रवेशको लागि सङ्घीय र प्रदेश लोक सेवा आयोगको तयारी कक्षाहरू सञ्चालन गर्ने।
- बालश्रमको अन्त्य गर्ने।
- अपाङ्ग, ज्येष्ठ नागरिक, अति विपन्न परिवार र बालबालिकाका लागि घर बस्तीमै सेवा प्रदान गर्ने।
- हिंसा, विभेद र वहिस्करणमा परेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अन्य नागरिकको जीवन रक्षा र सम्मानित जीवन जिउने वातावरण बनाउने।

**ङ. घटना दर्ताका लागि प्रोत्साहन**

- जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेका बालबालिकाको नाममा उपमहानगरपालिकाले प्रति बालबालिका रू. १ हजारको बैंक खाता खोलिदिने।
- विवाह भएको ३५ दिनभित्र विवाह दर्ता गरेका दम्पत्तिको बैंक खातामा रू. १/१ हजार जम्मा गर्ने।

**च. खेलकुद**

- गौरीटार रंगशाला सञ्चालन गर्ने वातावरण तयार गर्ने।
- कम्तिमा एक वडा एक खेलमैदान तथा कराते, उसु, बक्सिङ लगायतका खेलका लागि कभर्ड हल निर्माण गर्ने।

- नगर, वडा र विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्ने।
- जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतियोगिताहरूमा पदक प्राप्त गर्ने खेलाडीहरूलाई सम्मान गर्ने।
- व्यवसायिक खेलकुदको विकास गर्न खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूको लागि एकीकृत कार्यक्रम सञ्चालन गर्ने।

**छ. भाषा, साहित्य, कला र संस्कृति**

- मातृभाषाको संरक्षण र विकासको लागि सम्बन्धित भाषिक समुदायलाई सहयोग गर्ने।
- भाषा, साहित्य, कला र संस्कृतिको संग्रहालय बनाउने।
- लोक तथा आधुनिक साहित्य, कला र संस्कृति संरक्षण र प्रवर्द्धनका क्रियाकलापहरू सञ्चालन गर्ने।
- सम्बन्धित सङ्घ-संस्थाहरूसमेतको सहभागितामा सङ्गीत तथा नाटक घर निर्माण गर्ने।

## ६. वन, वातावरणको संरक्षण तथा विपद् व्यवस्थापन

**क. फोहरमैला व्यवस्थापन**

- स्रोतमै फोहर न्यूनीकरण गर्ने अभियान सञ्चालन गर्ने।
- ढल तथा फोहोर पानी र लेदोजन्य फोहरको प्रशोधन प्रणालीको विकास गर्ने।
- रङमा आधारित स्रोत वर्गीकरण र बारमा आधारित फोहर सङ्कलन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने।
- आधुनिक फोहर व्यवस्थापन केन्द्रको पूर्वाधार सुधार र विस्तार गर्ने।
- चाडपर्व, मेला महोत्सव जस्ता विशेष अवसरहरूमा फोहर व्यवस्थापनको लागि विशेष व्यवस्था गर्ने।
- उद्योग, अस्पताल, सङ्घ-संस्था, सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा विद्युतीय, औद्योगिक र अस्पतालजन्य फोहरको व्यवस्थापनको लागि विशेष व्यवस्था गर्ने।
- सङ्घ, प्रदेश र छिमेकी स्थानीय तहहरूसँग सहकार्य गरी एकीकृत रूपमा फोहर व्यवस्थापन गर्ने।

### ख. वन तथा वातावरण संरक्षण

- शहरी वन र हरित नगरको अवधारणा अनुसार जैविक विविधतासमेतलाई ध्यानमा राखी नगरको सौन्दर्य बढाउन व्यक्तिगत जग्गा, सडक, पार्क, सार्वजनिक स्थल, खाली स्थान आदिमा विभिन्न जातका फुल, फलफुल, जडिबुटी र बोट विरूवाको वृक्षारोपण गरी शहरी वन र हरित क्षेत्रको विस्तार गर्ने।
- बढ्दो तापक्रम नियन्त्रण, कार्बन उत्सर्जन न्यूनीकरण, उद्योग, सवारी साधन र निर्माण कार्यबाट उत्सर्जित प्रदुषण नियन्त्रण, जलवायु परिवर्तन अनुकुलन, वन, वनस्पति, जैविक विविधता, वातावरण संरक्षण र वनमा आधारित स्रोतहरूको उपयोग गर्नको लागि सामुदायिक वन, साझेदारी वन, धार्मिक वन, कबुलियती वन आदिसँग सहकार्य गरी वन क्षेत्रको संरक्षण, विकास र विस्तार गर्ने।

### ग. जैविक विविधता संरक्षण

- जैविक विविधता संरक्षणको लागि भैरबडाँडा, शिशौघारी, कृषि तथा वन विज्ञान अध्ययन संस्थानको जङ्गल र वृन्दावन क्षेत्रलाई जोड्ने गरी जङ्गली जीवन, सरिसृप, किरा फट्याङ्ग्रा आदिको लागि जैविक मार्गको विकास गर्ने।
- जल र जङ्गलमा आधारित जैविक विविधताको संरक्षण गर्ने।

### घ. जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन

- चट्याङ, भूकम्प, बाढी पहिरो, आगलागी, महामारी लगायतका प्रकोपबाट हुने क्षति न्यूनीकरणको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने।
- छुट्टै कोष सहितको जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनको पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने।
- विपद् जोखिम न्यूनीकरण हुनेगरी सार्वजनिक निर्माण र बस्ती विकास लगायतका पूर्वाधारहरूको विकास गर्ने।

## ७. सुशासन र संस्थागत विकास

### क. सेवाग्राहीमैत्री सेवा प्रवाह

- नक्सापास, सिफारिस, घटना दर्ता, कर भुक्तानी, व्यवसाय दर्ता, नाता प्रमाणित, घरजग्गा मूल्याङ्कन लगायतका सेवा प्रवाह सरल, छोटो, छिटो र व्यवस्थित बनाउने।

- भौतिक रूपमै उपस्थित नभै नहुने बाहेकका अन्य सेवाहरू सूचना प्रविधिको माध्यमबाट घरैमा बसेर सेवा प्राप्त गर्न सक्ने प्रणालीको विकास गर्ने।

**ख. सङ्गठन र क्षमता विकास**

- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त सङ्गठनात्मक संरचनाको निर्माण गर्ने।
- कर्मचारी र जनप्रतिनिधिहरूको क्षमता विकासको लागि वार्षिक योजना तर्जुमा गरी लागू गर्ने।
- नतिजामा आधारित कार्यसम्पादनमा सुधार र सम्मानका लागि उचित दण्ड र पुरस्कारको व्यवस्था गर्ने।

**ग. एकीकृत सेवा**

- वडा कार्यालयलाई सेवा प्रवाहको केन्द्रको रुपमा विकास गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरण, बैंकिङ सेवा, स्वास्थ्य शिविर, कृषि तथा पशुस्वास्थ्य शिविर, व्यक्तिगत घटना दर्ता, नागरिकता वितरण, गुनासो सुनुवाई लगायतका सेवाहरू एकीकृत घुम्ती सेवामार्फत् प्रदान गर्ने।

**घ. नागरिक हटलाइन सेवा**

- विपद, असुरक्षा, चोरी, झगडा, दुर्घटना, दमकल, एम्बुलेन्स, उद्धार, मानव बेचबिखन लगायतका अत्यावश्यक र सम्वेदनशील सूचनाहरू तत्काल सम्बन्धित निकायमा दिन र सो सम्बन्धी आवश्यक सेवा तत्काल प्राप्त गर्नको लागि २४ सै घण्टा **"नागरिक हटलाइन सेवा"** सञ्चालन गर्ने।

## ८. राजस्व, खर्च, बाह्य स्रोत र सहकार्य

**क. राजस्व परिचालन**

- आन्तरिक राजस्वको अध्ययन गरी प्रगतिशील कर प्रणाली (साना व्यवसायीले थोरै कर तिर्ने प्रणाली) लागु गर्ने।
- सेवा लिने र सक्नेले मात्र तिर्ने गैरकर राजस्व परिचालन गर्ने।
- उपमहानगरपालिकाको स्वामित्व, भोगाधिकार र संरक्षणमा रहेका सार्वजनिक सम्पत्तिको उचित उपयोग र व्यवस्थापनबाट राजस्व वृद्धि गर्ने।

## ख. खर्च व्यवस्थापन

- उपमहानगरपालिकाको सार्वजनिक खर्चको तेस्रो पक्षबाट स्वतन्त्र पुनरावलोकन/अध्ययन गराई सोको सिफारिस अनुसार अनुत्पादक खर्च कटौती गर्ने र मितव्ययिता अपनाउने।

## ग. बाह्य स्रोत परिचालन

- लगानी सम्मेलनको आयोजना गरी निजी क्षेत्रको लगानीमा विकास गर्न सकिने पूर्वाधारहरूको विकास र सञ्चालन तथा सेवा प्रवाहको लागि सार्वजनिक निजी साझेदारीको ढाँचामा निजी क्षेत्रको लगानी र व्यवस्थापन पारदर्शी रूपमा आकर्षित गर्ने।
- सहकारी संस्थाहरूको लगानी र व्यवस्थापनमा सञ्चालन गर्न सकिने कार्यहरू साझेदारी र समन्वयमा सञ्चालन गर्ने।
- स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय गैरसरकारी संस्था, दातृ निकाय, विदेशी राजदुतावास, गैरआवासीय नेपाली र व्यक्तिगत दाताहरूको स्रोत परिचालन गर्ने।
- कम्पनीहरूको सामाजिक उत्तरदायित्त्व (Corporate Social Responsibility) अन्तर्गतको स्रोत परिचालन गर्न सहकार्य गर्ने।
- पुँजी निर्माण, रोजगारी सृजना र तुलनात्मक लाभ भएका आयोजनाहरू सञ्चालन गर्नको लागि नगर विकास कोष र कानुन बमोजिम ऋण लिन पाउने निकायबाट ऋण लिएर लगानी गर्ने।

## घ. सहकार्य

- भाषा, साहित्य, कला र संस्कृतिको विकासका लागि सो क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गर्ने।
- मानवीय सेवा विस्तारका लागि मानव सेवामा संलग्न संस्थाहरूसँग सहकार्य गर्ने।
- वातावरण, जैविक विविधता, आर्थिक विकास, शिक्षा, स्वास्थ्य, समावेशीकरण, विज्ञान तथा प्रविधि, विपद् व्यवस्थापन, सुशासन प्रवर्द्धन, शहरी विकास, अध्ययन अनुसन्धान लगायतका क्षेत्रका विशिष्टीकृत निकाय र विज्ञहरूसँग सहकार्य गर्ने।
- साझा सवालहरूमा सङ्घ, प्रदेश र सिमाना जोडिएका स्थानीय तहहरूसँग सहकार्य गर्ने।

- समुदायस्तरको विकास र सेवा प्रवाहको लागि समुदायसँग सहकार्य गर्ने।
- सूचना तथा सञ्चारका क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गर्ने।

## ९. विगतको उपलब्धि

२०७४ मा निर्वाचित भएपछि ने.क.पा. (एमाले) को नेतृत्वमा हेटौंडा उपमहानगरपालिकाले गरेका संक्षेपमा केही महत्त्वपूर्ण कार्यहरू

- नगरका विभिन्न वडाहरूमा १४४ किलोमिटर सडक स्ल्याव ढलान सम्पन्न, ३९ किलोमिटर सडक स्तरीकरण, १० किलोमिटर सडक कालपत्रे, १६ किलोमिटर नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न।
- १३ वटा शहरी स्वास्थ्य केन्द्रका भवनहरू निर्माण र स्वास्थ्य सेवाको सुदृढीकरण ।
- ७ वडा कार्यालयहरूको भवन निर्माण गरी आफ्नै भवनबाट सेवा प्रवाह।
- बागमती प्रदेश सरकारसँगको साझेदारीमा हेटौंडा ११ थानाभऱ्याङ्मा कृषि थोक बजार निर्माणाधीन ।
- बागमती प्रदेश सरकारसँगको सहकार्यमा अटो भिलेज निर्माणाधीन।
- कोभिड १९ को महामारीमा निजी क्षेत्रसंगको सहकार्यमा हेटौंडा अस्पताल परिसरमा अक्सिजन प्लान्ट स्थापना।
- हेटौंडाको पुरानो बस पार्कसँगै सुविधा सम्पन्न बस टर्मिनल निर्माणाधीन।
- बागमती प्रदेश सरकारसँगको सहलगानीमा हेटौंडा ४ मा सहिद बासुदेव घिमिरे बहुउद्देश्यीय व्यापारिक भवन निर्माणाधीन।
- रंगशाला, कभर्ड हल र खुल्ला जिमहरू निर्माण।
- कर्रा खोलाबाट हुने कटान र नदी उकास क्षेत्रलाई संरक्षण र व्यवस्थित बनाउन कर्रा करिडोर निर्माण शुरु
- निःशुल्क शब बाहनको व्यवस्था र राप्ती तटमा आधुनिक शवदाह मेशिन जडान।
- हेटौंडा अस्पतालमा किड्नी डायलासिस केन्द्रको स्थापना।
- हेटौंडा वसपार्कमा सत्य साईकेन्द्रसँगको सहकार्यमा ठेकी आकारको खानेपानी टयाङ्की निर्माण गरी शुद्ध खानेपानी वितरण।
- विपन्न परिवारलाई निःशुल्क स्वास्थ्य बिमा सेवा।

- कोभिडको समयमा राहत वितरण र मानवीय सेवा प्रदान।
- ज्येष्ठ नागरिक, खेलाडी र उल्लेखनीय सामाजिक व्यक्तित्वहरूको सम्मान।
- उन्नत जातका बीउ बिजन र टनेल खेती प्रवर्द्धन।
- साना सिँचाइ कार्यक्रम र साना कृषकहरूलाई हाते ट्र्याक्टरहरू वितरण।
- बिउका लागि बोका र राङ्गा, मासुको लागि पाडापाडी, बंगुर बाख्रा र कुखुराको चल्ला वितरण।
- सडक चौडा गरी सडक स्तरीकरण र सडक पेटीमा फुल रोपण।
- मानव सेवा आश्रम, मामाघर र ज्येष्ठ नागरिक आश्रमहरूलाई आर्थिक सहयोग।
- खानेपानी पूर्वाधार निर्माण र खानेपानी वितरणको लागि हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई वार्षिक अनुदान।
- नगरका सबै विद्यालयहरूमा दिवा खाजाको व्यवस्था।
- विद्यालयहरूमा कम्प्युटर, पुस्तकालय, विज्ञान प्रयोगशाला, नमूना विद्यालय, नमूना बाल विकास केन्द्र, शुद्ध खानेपानी, इन्टरनेट छात्रवृत्ति लगायतका सुविधा प्रदान।
- हिंसा पीडित महिला तथा बालबालिकाको लागि अल्पकालीन आश्रय गृह (Safe House) निर्माण।
- सामुदायिक भवन, योग भवन र पार्कहरू निर्माण।

## १०. प्रतिवद्धता पत्र कार्यान्वयनको सुनिश्चितता

- प्रतिबद्धता पत्रमा उल्लिखित विषयहरूलाई उपमहानगरपालिकाको योजना र नीतिहरूमा समावेश गरी कार्यान्वयन गर्ने।
- प्रतिबद्धता पत्र कार्यान्वयनको अवस्था र सोबाट प्राप्त उपलब्धिहरूको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने।

❒❒❒

# नेकपा (एमाले) हेटौंडा उपमहानगरपालिकाका उम्मेद्वारहरू



**क. अनन्तप्रसाद पौडेल**
**नगरप्रमुख**



**क. सुमित्रा काफ्ले**
**नगरउपप्रमुख**



**क. उत्तमप्रसाद पौडेल**
१ नं. वडा अध्यक्ष



**क. हरिबहादुर राउत**
२ नं. वडा अध्यक्ष



**क. रामकुमार पुडासैनी**
३ नं. वडा अध्यक्ष




**क. नवीन सिग्देल**
४ नं. वडा अध्यक्ष



**क. सुशिल घिमिरे**
५ नं. वडा अध्यक्ष




**क. विश्वराज राई**
६ नं. वडा अध्यक्ष



**क. राजन थापा**
७ नं. वडा अध्यक्ष



**क. बोलबहादुर कार्की**
८ नं. वडा अध्यक्ष



**क. लक्ष्मणप्रसाद भण्डारी**
९ नं. वडा अध्यक्ष

## नेकपा (एमाले) हेटौंडा उपमहानगरपालिकाका उम्मेद्वारहरु



क. फुर्वा दोर्जे तामाङ
१० नं. वडा अध्यक्ष



क. जुना दाहाल
११ नं. वडा अध्यक्ष



क. राजेश नगरकोटी
१२ नं. वडा अध्यक्ष



क. पेम्बा लामा
१३ नं. वडा अध्यक्ष




क. दिपक खड्का
१४ नं. वडा अध्यक्ष



क. सुनिल मोक्तान
१५ नं. वडा अध्यक्ष




क. वसन्तप्रसाद लामिछाने
१६ नं. वडा अध्यक्ष



क. लक्ष्मण खुलाल
१७ नं. वडा अध्यक्ष



क. अनिल बानियाँ
१८ नं. वडा अध्यक्ष



क. नरनाथ सुवेदी
१९ नं. वडा अध्यक्ष

**ने.क.पा. एमालेका सातै जना उम्मेदवारहरूलाई सूर्य चिन्हमा मतदान गरी विजयी गराउनु हुन हार्दिक अनुरोध गर्दछौं ।**

| नगरप्रमुख | उपप्रमुख | वडा अध्यक्ष | महिला वडा सदस्य | दलित महिला वडा सदस्य | वडा सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |

# सूर्य चिन्हमा मतदान गरौँ
# नेकपा (एमाले)का उम्मेद्वारहरूलाई विजयी बनाऔँ ।

**हाम्रो सङ्कल्प**

- हाम्रा जनप्रतिनिधिहरू शासक होइन, जनताका सेवक हुने छन् ।
- हाम्रा जनप्रतिनिधिहरू सामाजिक जागरण र विकासका अभियन्ता हुने छन् ।
- हाम्रो नेतृत्वमा रहेका पालिकाहरू सुशासनमा नमूना बन्ने छन् ।
- हाम्रा जनप्रतिनिधिहरूले सदाचारमा दृष्टान्त स्थापित गर्ने छन् ।
- हाम्रा जनप्रतिनिधिहरूले आफूले कुनै भ्रष्टाचार गर्ने छैनन् र कडाइका साथ भ्रष्टाचार नियन्त्रण गर्ने छन् ।
- हाम्रा जनप्रतिनिधिहरूले भ्रष्टाचारी, व्यभिचारी, अनियमितता र सार्वजनिक सम्पत्तिको दोहन गर्नेहरूलाई कानूनी कार्वाहीको दायरामा पुऱ्याउन अग्रणी भूमिका खेल्ने छन् ।

मुद्रक : न्यू प्रयास छापाखाना, हेटौँडा ।